Wf Rud

दफा १८ को उपदफा (६) सँग सम्बन्धित
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# श्रीवेदा रिटेल प्रा.लि.

# Sriveda Retail Pvt. Ltd.

## प्रवन्ध पत्र

१. **कम्पनीको नाम:-** यस कम्पनीको नाम **"श्रीवेदा रिटेल प्रा.लि."** हुनेछ । **अंग्रेजीमा "Sriveda Retail Pvt. Ltd."** हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगाना:-** यस कम्पनीको रजिष्टर्ड कार्यालय महोत्तरी जिल्ला वर्दिवास न.पा. वडा नं. ०१ मा रहनेछ । सम्बन्धित निकायको स्वीकृति लिई नेपाल राज्यभर कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

३. **कम्पनीले गर्ने व्यवसाय वा कारोबारको प्रकृति:-** व्यापार/उत्पादनमूलक व्यवसाय ।

४. **कम्पनीको उद्देश्य:-** १. यस कम्पनीका उद्देश्य देहाय वमोजिम हुनेछन्:

(क) विभिन्न किसिमका उच्चस्तरीय हर्बल वस्तुहरु उत्पादन गरी प्याकेजिङ्ग गरी स्वदेशमा विक्री वितरण गर्ने गराउने ।

(ख) हर्वल पद्धतीद्धारा सौन्दर्य, श्रृङ्गार तथा उपचारको विभिन्न पद्धतीको उच्चस्तरीय तालिम दिने ।

(ग) मेहेन्दी, स्याम्पु, क्रिम, फेसवास, सावुन, एन्टीपिम्पल्स जस्ता अन्य विभिन्न प्रकारका सौन्दर्य प्रसाधनहरु उत्पादन गरी विक्री वितरण गर्ने ।

(घ) स्वास्थ्यको लागि हर्वल औषधी, हर्बल चिया, ड्राइच्युङ्ग, अमला विभिन्न स्वादका मसाला आदि उत्पादन गरी विक्री वितरण गर्ने ।

(ङ) उत्पादनको लागि आवश्यक पर्ने मेशिनरी सामान, कच्चा सामाग्री विदेशबाट आयात गर्ने ।

(च) स्थानीय स्तरमा प्रशोधन गर्न सकिने जडीवुटीहरुलाई प्रशोधन गर्ने एवं संकलित गरी विदेशमा निर्यात गर्ने ।

(छ) जडीबुटीको व्यवस्थित कारोबार गर्ने ।

(ज) स्थानीय स्तरमा प्रशोधन गर्न सकिने जडिबुटिलाई प्रशोधन गर्ने ।

(झ) विभिन्न किसिमका वनसप्ती(जडिबुटी) जन्य वस्तुहरु संकलन गरी भण्डारण गर्ने, प्रशोधन गर्ने, प्याकेजिङ्ग गरी स्वदेश तथा विदेशमा खरिद विक्री गर्ने गराउने ।

(ञ) विभिन्न किसिमका इलेक्ट्रिक तथा इलेक्ट्रोनिक सामानहरु, फोटो फ्रेमहरु, बुक किताबहरु, जुत्ता, चप्पल, हेल्थ केयर प्रोडक्ट्स, सर्जिकलका सम्पूर्ण सामाग्रीहरु, खाद्य पदार्थ, प्लाष्टिक फाइबर ग्लास, थान कपडा, रेडिमेड कपडा ग्राहकको माग अनुसार आयात निर्यात तथा विक्री वितरण गर्ने गराउने ।

(ट) कुनै पनि सरकारी, गैर सरकारी संघ संस्था, कम्पनी, व्यक्ति, फर्मले बोलपत्र टेण्डर आव्हान गरेकोमा बोलपत्र टेण्डरद्वारा वा सोझै सम्पर्क गरी माग वमोजिम सेवा प्रदान गर्ने ।

२. उपदफा (१) वमोजिमका उद्देश्य प्रचलित कानून वमोजिम सम्वन्धित निकायबाट अनुमति वा इजाजत प्राप्त गर्नुपर्ने भएमा सो प्राप्त गरी कार्यान्वयन गरिनेछ ।

३. उपदफा (१) मा उल्लेखित उद्देश्यको सम्वन्धमा अनुमति वा इजाजत प्राप्त गरेको १५ दिन भित्र त्यस्तो अनुमति वा इजाजत पत्रको प्रतिलिपि कार्यालयमा पेश गरिनेछ ।

Wf Rud

CamScanner

५. **कम्पनीको उद्देश्य प्राप्ति गर्न गरिने कामहरुः**

(१) यस कम्पनीले दफा ३ वमोजिमका उद्देश्य प्राप्त गर्न देहायका कामहरु गर्नेछः

(क) कम्पनीलाई आवश्यक पर्ने जग्गा, भवन, सवारी साधन र आवश्यक टाइपराईटर, कम्प्युटर, टेलिफोन, फ्याक्स, इमेल, इन्टरन्टरनेट, वेभ साइट आदि उपकरणहरु खरिद विक्री गर्ने वा भाडामा लिनेदिने सम्वन्धी कार्य गर्ने ।

(ख) कम्पनीलाई आवश्यक पर्ने कर्मचारीहरु नियुक्ति गर्ने तथा तिनको सेवाका सर्तहरु निर्धारण गर्ने,

(ग) कम्पनीको नाममा बैंक तथा वित्तीय संस्थामा खाता खोल्ने र सञ्चालन गर्ने,

(घ) कम्पनीलाई आवश्यक पर्ने रकम बैंक वा कुनै वित्तीय संस्थाबाट कम्पनीले धितो राखी वा नराखी कर्जा लिने ।

(ङ) कम्पनीको नामबाट शेयर तथा डिवेञ्चर खरिद गर्ने तथा त्यसलाई विक्री गर्ने ।

(च) अन्य आवश्यक कुराहरुः

(१) कम्पनीको सुरक्षाको निमित्त कम्पनीको जायजेथा विमा गराउन सकिनेछ ।

(२) कम्पनीको उद्देश्यसँग मिल्दोजुल्दो उद्देश्य भएका स्वदेशी तथा विदेशी कम्पनी व्यक्ति फर्म वा सघसंस्थासँग संयुक्त भई कार्य गर्ने ।

(३) कम्पनीको व्यवसाय बढाउने उद्देश्यले देश विदेशमा प्रचार प्रसारको लागि विभिन्न संचार माध्यमहरुमा प्रचार प्रसार गर्ने ।

(४) कम्पनीको उद्देश्यको निमित्त सरोकारवाला अधिकारीसँग सम्झौता गरी यस्ता अधिकारीबाट सहुलियत वा सुविधा प्राप्त गर्ने, त्यसलाई चालूगर्ने र त्यसलाई प्रयोग गर्ने ।

(५) कम्पनीले आफ्नो काम र व्यवसायलाई आवश्यक तथा लाभदायक सम्झेमा कुनै चल वा अचल सम्पत्ति कुनै एक वा विशेषधिकार लाईसेन्स सहुलियत् आदि किन्ने वा लिजमा प्राप्त गर्ने वा बेचबिखत गर्ने वा ठेक्कामा दिने ।

(६) कम्पनीले जगेडा रहेको रकम उचित देखिएको तरिका वा सर्तमा समय समयमा लगानी गर्ने र त्यस्ता लगानीलाइ हेरफेर गर्ने तथा असुलउपर गर्ने ।

(७) कम्पनीको प्रयोजनको निमित्त आवश्यक जेथा धितो राख्ने वा विना धितोमा ऋण उठाउने ।

(८) कम्पनी ऐन २०६३ को अधिनमा रही सञ्चालक समितिले उपयुक्त देखि निर्णय गरेका अन्य आवश्यक कामहरु गर्ने ।

६. **कम्पनीको पूँजीको संरचनाः-** कम्पनीको पूँजीको संरचना देहाय वमोजिम हुनेछः

(क) कम्पनीको अधिकृत पूँजी रु ५,००,००,०००/-(पाँच करोड रुपैयाँ) हुनेछ । सो पूँजीलाई रु १००/- दरका ५००००० थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) कम्पनीले तत्काल जारी गर्ने शेयर पूँजी रु.१,००,००,०००/-(एक करोड रुपैयाँ) हुनेछ । सो पूँजीलाई रु.१००/-दरका १००००० थान साधारण शेयरमा विभाजन गरिएकोछ ।

(ग) कम्पनीका संस्थापकहरुले तत्काल चुक्ता गर्न कबुल गरेको पूँजी रु.१,००,००,०००/-(एक करोड रुपैयाँ) हुनेछ ।

७. **कम्पनीको शेयरको किसिमः** कम्पनीको शेयरको किसिम देहाय वमोजिम हुनेछः

(क) यस कम्पनीको साधारण शेयर मात्र जारी गरिनेछ ।

८. **शेयर खरिद वा हस्तान्तरण गर्न कुनै बन्देज रहेको भए सो कुराः**

(क) कम्पनीको प्रवन्ध पत्र तथा नियमावलीमा हस्ताक्षर गर्ने संस्थापक शेयर धनीले कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म र निजको नाममा जारी भएको शेयरको कम्पनीबाट माग भएको मुल्य पूर्णरुपमा चुक्ता नभएसम्म आफूले लिएको शेयर विक्री वितरण वा दान दातव्य वा कुनै पनि किसिमबाट हक छाडी दिन र धितो बन्धक राख्न पाइने छैन ।

CamScanner

(ख) शेयर हक बेहकको सम्बन्धमा कुनै उजुर वाजुर गरेमा अदालतको निर्णय अनुसार नै हुनेछ।

(ग) मगज बिग्रेको व्यक्तिको नाममा शेयर नामसारी गर्न सकिने छैन।

(घ) यो कम्पनी प्रा.लि. भएको हुँदा यस कम्पनीको शेयर सर्वसाधारणको लागि खरिद तथा विक्रीको लागि आव्हान गरिने छैन।

(ङ) शेयर हस्तान्तरण वा धितो वन्धक राख्न संचालक समितिको पूर्वस्वीकृति लिनु पर्नेछ स्वीकृति विना गरिएको शेयर हस्तान्तरण संचालक समितिले वदर गर्न सकिनेछ।

(च) कम्पनीको बाँकी रहेको शेयर संचालक समितिको निर्णय वमोजिम कुनै व्यक्ति वा कम्पनीलाई विक्री गर्न वा शेयरवाला आफैले लिन सक्नेछ।

(छ) शेयरवालाको मृत्यु भई वा मगज बिग्री वा बेपत्ता भई हकवालामा शेयर हस्तान्तरण भएको अवस्थामा भन्दा बाहेक शेयरको नामसारी गर्नु परेमा नामसारी गरिलिने दिने दुवै व्यक्तिको वतन सहितको सहिछाप नामसारीको लिखतमा हुनुपर्नेछ र नामसारी गरी लिने दिने व्यक्तिको नाम दर्ता किताबमा नचढेसम्म नामसारी गरिदिने व्यक्तिलाई नै उक्त शेयरको शेयरधनी मानिनेछ।

९. **शेयर वापतको रकम भुक्तानीका शर्तहरुः**

(१) कम्पनीले आफ्नो आवश्यकता अनुसार संचालक समितिको वैठकबाट निर्णय गरी शेयर वापतको रकम आंशिक या पूर्ण रुपले भुक्तानी माग गर्न सक्नेछ।

(२) शेयरवापत कम्पनीले माग गरेका रकमहरु निर्धारित समयमा शेयर धनीले बुझाउनु पर्नेछ।

(३) शेयर वापतको रकम माग गर्ने, माग गरेको रकम निर्धारित समयावधि भित्र बुझाउने भुक्तानीको म्याद थप माग गर्ने तथा कम्पनीले म्याद दिने जस्ता कुराहरु नियमावलीमा उल्लेख भए वमोजिम हुनेछ।

१०. **शेयर धनीको अधिकतम संख्याः** शेयरधनीहरुको अधिकतम संख्या १०१ जनासम्म हुनेछ।

११. **दायित्व सिमित हुनेः** यस कम्पनीको कारोबारको सम्बन्धमा शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न लिन कबुल गरेको शेयरको अंकित मूल्यसम्म सिमित रहनेछ।

तर कुनै शेयर धनी वा संचालकले सो हैसियतमा तेश्रो पक्षसँग गरेको व्यक्तिगत जमानत सम्बन्धी सम्झौता वमोजिमको दायित्वको हकमा यो व्यवस्था लागु हुनेछैन।

१२. **अन्य आवश्यक कुराहरुः**

(१) कम्पनीको संस्थापना गर्दा लागेको खर्च कम्पनीले नै व्यहोर्ने छ।

(२) संचालक समितिले निणय गरी संस्थापक वा अन्य कुनै व्यक्तिहरुले नगद रुपैया बाहेक अन्य जग्गा जमिन लगायत अन्य कुनै किसिमबाट शेयर खरिदगर्न वा शेयरमा हकपाउन सक्नेछ।

(३) कम्पनीको काम शुरु गर्दाको अवस्थामा संस्थापक वा अन्य कुनै व्यक्तिबाट कम्पनीले कुनै किसिमले कुनै सम्पत्ति प्राप्त गर्ने कुराको हकमा संचालक समितिको निर्णय वमोजिम हुनेछ।

(४) संस्थापक वा अन्य कुनै व्यक्तिले कम्पनीबाट कुनै विशेष सहुलियत वा अधिकार पाउने कुराको हकमा संचालक समितिको निर्णय बमोजिम हुनेछ।

(५) कम्पनी ऐन, २०६३ को अधिनमा रही अन्य आवश्यक कुराहरु साधारण सभाले समय समयमा निर्धाण गरे वमोजिम हुनेछ।

(६) कम्पनीको एउटा छुट्टै छाप हुनेछ र कम्पनीको तर्फबाट तयार पारिने कुनै पनि कागजातमा सोही छापले प्रमाणित गरी राखिनेछ।

(७) कुनै व्यक्तिले कम्पनीलाई सम्पत्ति उपलब्ध गराएमा सो को मूल्य बराबरको शेयर दिन सकिनेछ। अर्थात नगद बाहेक पनि कम्पनीको शेयर प्राप्त गर्न सकिनेछ।

(८) कम्पनी ऐन, २०६३ अधिनमा रही कम्पनीको साधारण सभामा विशेष प्रस्ताव पास गरी कार्यालयको स्वीकृति लिई कम्पनीको पूँजी बढाउन वा घटाउन सकिनेछ।

CamScanner

१३. **कम्पनीको प्रकृति अनुसार कुनै थप व्यवस्था गर्ने भए सो कुरा खुलाउने:** यस कम्पनीको प्रकृति अनुसार कुनै थप व्यवस्था गरिएको छैन तर कम्पनीले आफ्नो प्रकृति अनुसार कुनै थप व्यवस्था गर्न आवश्यक ठानेमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरि सो प्रस्ताव वा निर्णय कार्यालयबाट अभिलेख भएपछि मात्र थप व्यवस्था लागू गर्न सकिनेछ।

१४. **प्रवन्धपत्रमा संशोधन भएमा लागु हुने अवस्था:** यस प्रवन्ध पत्रमा कम्पनीले कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभाबाट विशेष प्रस्ताव पारित गरि सो प्रस्ताव वा निर्णय कार्यालयबाट अभिलेख भएपछि मात्र प्रवन्ध पत्र संशोधन भएको मानिनेछ ।

१५. **प्रवन्धपत्र बाझिएको हदसम्म अमान्यहुने:** यस प्रवन्धपत्रमा लेखिएको कुरा कम्पनी ऐन, २०६३ वा अन्य प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः बदर हुनेछ ।

१६. **संस्थापकहरुले तत्काल लिन कबुल गरेको शेयर संख्या:** हामी **श्रीवेदा रिटेल प्रा.लि.** का संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो प्रवन्धपत्रमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुल गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुठ्ठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यहोर्न हामी तयार छौं । यो प्रवन्धपत्रमा लेखिएका कुरा साँचो हो, झुठ्ठाठहरे कानून बमोजिम सहन बुझाउन मञ्जुर छौं भनी सहिछाप गरेकाछौं ।

| संस्थापकको नाम ठेगाना र सहिछाप | बाबुको नाम | ना.प्र.नं.र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम थर ठेगाना र सहीछाप | साक्षीको ना.प्र.नं.र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखत : <br>१. नाम : दिनेश कुमार महतो<br>ठेगाना : धनुषा जिल्ला क्षीरेश्वरनाथ न.पा. वडा नं. ९ भई हाल मिथिला न.पा. वडा नं. ३<br>दा. बा. | राम सागारथ महतो | १७-०१-७१-०१९७२ धनुषा | ६०००० थान | दस्तखत : कान्तेश<br>नाम कान्तेश कु. महतो<br>ठेगाना : मि.ना.पा.३<br>दा. बा. | ना.प्र.नं.<br>जि.प्र.का. |
| दस्तखत :<br>२.नाम : रविन्दर महतो<br>ठेगाना : धनुषा जिल्ला ढल्केवर वडा नं. ६ भई हाल मिथिला न.पा. वाड नं. ५<br>दा. बा. | किशोरी महतो कोइरी | १७१०९६/४५२ धनुषा | ४०००० थान | दस्तखत : राम प्यारी<br>नाम : राम प्यारी देवि<br>ठेगाना : मि.न.पा.6<br>दा. बा. | ना.प्र.नं.<br>जि.प्र.का. |

हस्ताक्षर :-
मस्यौदाकारको नाम : दिनेश कुमार महतो
ना.प्र.नं. १७-०१-७१-०१९७२, धनुषा

इति सम्वत् २०७९ साल वैशाख महिना २६ गते ०२ रोज शुभम् ।

नेपाल सरकार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौं

प्रशासक रजिष्ट्रार

दफा २० को उपदफा (४) सँग सम्बन्धित
कम्पनी ऐन, २०६३ अन्तर्गत संस्थापित

# श्रीवेदा रिटेल प्रा.लि.

# Sriveda Retail Pvt. Ltd.

## नियमावली

### परिच्छेद-१
### प्रारम्भिक

१. **कम्पनीको नामः**-यस कम्पनीको नाम"**श्रीवेदा रिटेल प्रा.लि.**" हुनेछ । **अंग्रेजीमा "Sriveda Retail Pvt. Ltd."** हुनेछ ।

२. **कम्पनीको रजिष्टर्ड कार्यालय रहने ठेगानाः**- यस कम्पनीको रजिष्टर्ड कार्यालय महोत्तरी जिल्ला बर्दिवास न.पा. वडा नं. ०१ मा रहनेछ । सम्बन्धित निकायको स्वीकृति लिई नेपाल राज्यभर कम्पनीको रजिष्टर्ड कार्यालय स्थानान्तरण गर्न सकिनेछ ।

३. **परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) **"ऐन"** भन्नाले कम्पनी ऐन, २०६३ सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले कम्पनी रजिष्ट्रारको कार्यालय सम्झनु पर्छ ।

(ग) **"कम्पनी"** भन्नाले श्रीवेदा रिटेल प्रा.लि.सम्झनु पर्छ ।

(घ) **"पदाधिकारी"** भन्नाले कम्पनीको सञ्चालक, कार्यकारी प्रमुख, प्रबन्धक, कम्पनी सचिव, लिक्वीडेटर वा विभागीय जिम्मेवारी लिनेकुनै कर्मचारी समेत सम्झनु पर्छ ।

(ङ) **"सभा"** भन्नाले कम्पनीको साधारण सभा सम्झनु पर्छ ।

४. **कम्पनीको उद्देश्यः**कम्पनीको उद्देश्य प्रवन्धपत्रको दफा ४ मा उल्लेख भएवमोजिम हुनेछ

### परिच्छेद-२
### शेयर पूँजी तथा ऋण

५. **शेयरको अंकित मूल्यः**- यस कम्पनीको शेयरको अंकित मूल्य रु १००/- हुनेछ ।

६. **शेयरमा लियन रहने कुराः**- शेयरधनीहरुले कम्पनीलाई तिर्न बाँकी रहेको शेयर वापतको रकम वा कम्पनीलाई कानून बमोजिम बुझाउनु पर्ने बाँकी रकम वापत निजहरुका नाममा दर्ता भएको शेयर र सो बापत बाँडिने लाभांशमा कम्पनीको लियन वा दावी रहनेछ ।

७. **विभिन्न वर्गका शेयरहरु जारी गर्ने भए त्यस्ता शेयरको वर्ग, त्यसमा निहित शेयरधनीको हक, अधिकार तथा बन्देजहरुः**

१. साधारण शेयरहरु बाहेक अन्य विभिन्न वर्गका शेयरहरु सम्बन्धी व्यवस्था नगरिएको ।

८. **नियम ७ वमोजिम जारी भएको शेयर खरिद गर्ने शेयरधनीको अधिकारमा हेरफेर गर्दा सम्बन्धित वर्गका शेयरधनीहरुको स्वीकृति लिनु पर्नेछ ।**

९. **अग्राधिकार शेयर सम्बन्धी व्यवस्थाः**
अग्राधिकार शेयर सम्बन्धी कुनै व्यवस्था गरिएको छैन ।

१०. **संस्थापकले लिनु पर्ने शेयरः**
कम्पनीको संस्थापक हुन १०० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

११. **शेयर वापतको रकमको भुक्तानीको माग तथा शेयर जफत सम्बन्धी व्यवस्थाः** कम्पनीले आवश्यकतानुसार कम्पनीले शेयर वापतको रकमको भुक्तानी माग गर्नेछ । शेयर वापतको रकमको भुक्तानी तथा शेयर जफत सम्बन्धी अन्यकुरा ऐनमा गरिएको व्यवस्थाअनुसार हुनेछ ।

CamScanner

१२. **शेयर बिक्री वा धितोबन्धक सम्बन्धी व्यवस्थाः**

(१) कम्पनीको कुनै शेयरधनीले संचालक समितिको पूर्व स्वीकृति नलिई आफ्नो नाममा रहेको शेयर कम्पनीको शेयरधनी बाहेक अन्य व्यक्तिलाई बिक्री वा हस्तान्तरण गर्न वा धितोबन्धक राख्न सक्ने छैन ।

(२) आफ्नो नाममा रहेको शेयर बिक्री गर्न वा धितोबन्धक राख्न चाहने शेयरधनीले सञ्चालक समितिमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । त्यसरी जानकारी गराउँदा शेयर बिक्री गर्न लागेको भए आफूले बिक्री गर्न चाहेको शेयरको मूल्य र धितोबन्धक राख्न चाहेको भए धितोवन्धक लिने व्यक्तिको नाम, ठेगाना, धितोवापत लिएको ऋण, धितो फुकुवा हुने प्रस्तावित मिति समेत खुलाउनु पर्नेछ ।

(३) कुनै शेयरधनीले उपनियम (२) वमोजिम शेयर बिक्री गर्नको निमित्त जानकारी गराएमा सञ्चालक समितिले सो जानकारी पाएको सात दिनभित्र अन्य शेयरधनीलाई लिखित रुपमा जानकारी दिनु पर्नेछ ।

(४) कुनै शेयरधीले यसरी बिक्री हुन लागेको शेयर खरिद गर्न चाहेमा, उपनियम (३) बमोजिम जानकारी पाएको पैतीस दिनभित्र सो कुराको जानकारी सञ्चालक समितिलाई दिनुपर्नेछ ।

(५) शेयर खरिद गर्न चाहने उपनियम (४) बमोजिम जानकारी दिने शेयरधनीले त्यसरी जानकारी दिएको तीन महिनाभित्र त्यस्तो शेयर खरिद गर्नु पर्नेछ । एक भन्दा बढी शेयरधनीले उपनियम (४) बमोजिम जानकारी दिएकोमा सबैभन्दा पहिले जानकारी दिने शेयरधनीलेशेयर खरिद गर्न पाउनेछ ।

(६) उपनियम (४) बमोजिम पैंतीस दिनभित्र कुनै पनि शेयरधनीले शेयर खरिद गर्न चाहेको जानकारी सञ्चालक समितिलाई नदिएमा सञ्चालक समितिले उपनियम (२) बमोजिम जानकारी दिने शेयरधनीलाई सो कम्पनीका शेयरधनी बाहेक अन्य व्यक्तिलाई शेयर बिक्री गर्न स्वीकृति दिनेछ र त्यस्तो स्वीकृती एक वर्षसम्म कायम रहनेछ ।
तर यस उपनियम बमोजिम अन्य व्यक्तिलाई शेयर बिक्री गर्दा उपनियम (२) मा उल्लिखित मूल्य भन्दा कम मूल्यमा शेयर बिक्री गर्न पाउने छैन ।

(७) कुनै शेयरधनीले आफ्नो शेयर कम्पनीका शेयरधनी बाहेक अन्य व्यक्तिलाई धितोबन्धक राख्न उपनियम (२) बमोजिम जानकारी गराएमा सञ्चालक समितिले जानकारी पाएको पन्ध्र दिनभित्र धितोबन्धक राख्न स्वीकृति दिने वा नदिने सम्बन्धमा निर्णय गरी सो को जानकारी शेयरधनीलाई दिनुपर्नेछ । स्वीकृति नदिने भए सो को कारण समेत खुलाउनु पर्नेछ ।

(८) शेयर बिक्री वा धितोबन्धक र दाखिल खारेज सम्बन्धी अन्य व्यवस्था ऐन वमोजिम हुनेछ ।

१३. **शेयरको प्रमाण पत्रः** कम्पनीले जारी गर्ने शेयरको प्रमाणपत्रमा कम्पनीको अध्यक्षले दस्तखत गरी कम्पनीको छाप लगाई जारी गरिनेछ ।

१४. **शेयर पूँजी हेरफेर गर्ने कुराः**

यस कम्पनी साधारण सभा गर्ने कम्पनी भएकोले साधारण सभाबाट प्रस्ताव पारित गरी साधारण सभाको निर्णयबाट ऐन बमोजिम कम्पनीको शेयर पूँजी हेरफेर गर्न सकिनेछ ।

१५. **ऋण वा डिवेञ्चर सम्बन्धी व्यवस्थाः**

(१) ऋण वा डिवेञ्चर सम्बन्धी कुरा ऐनमा व्यवस्था भए वमोजिम हुनेछ ।

१६. **शेयर धनी तथा डिवेञ्चरवालाको दर्ता किताबको निरीक्षण**

शेयर धनी वा डिवेञ्चरवालाले कम्पनीको शेयर वा डिवेञ्चर दर्ता किताब निरीक्षण गर्न चाहेमा कम्पनीले निरीक्षण गर्न दिनु पर्नेछ ।

तर कम्पनीले आफ्नो सूचना पाटीमा १५ दिन अगावै सूचना टाँस गरी १ वर्षमा ४५ दिनमा नबढाई एक पटकमा बढीमा ३० दिन सम्म दर्ता किताबको निरीक्षण वन्द गर्न सकिनेछ ।

CamScanner

## परिच्छेद-३
## साधारण सभा

१७. **साधारण सभा सम्बन्धी व्यवस्था:**

१) यस कम्पनीको साधारण सभा नियमित रुपमा सम्पन्न गरिनेछ ।

२) उपनियम १ वमोजिम साधारण सभा सम्वन्धी व्यवस्था यस नियमावलीमा उल्लेख भए वमोजिम लागू हुनेछ ।

१८. **कम्पनीको साधारण सभा सम्बन्धी व्यवस्था:**

(१) यस कम्पनीको साधारण सभा देहाय वमोजिम हुनेछन्:

(क) वार्षिक साधारण सभा

(ख) विशेष साधारण सभा

(२) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा कम्पनी संस्थापना भएको मितिले १२ महिनाभित्रमा गरिनेछ र त्यस पछिका वार्षिक साधारण सभाहरु आर्थिक वर्ष समाप्त भएको ६ महिनाभित्र गरिनेछ ।

(३) यस कम्पनीको वार्षिक साधारण सभा गर्नका लागि कम्तीमा १५ दिन अगावै र विशेष साधारण सभा गर्नका लागि कम्तीमा ७ दिन अगावै सभा हुने ठाउँ, मिति र छलफल गर्ने विषय खोली सबै शेयरधनीलाई सूचना दिइनेछ ।

(४) सञ्चालक समितिको अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले साधारण सभा बोलाउनेछ ।

(५) उपनियम (४) मा उल्लिखित पदाधिकारीले साधारण सभा नबोलाएमा वा अन्य कुनै कारणले सञ्चालक समितिको वैठक बस्न नसकेमा सञ्चालक समितिको कूल सञ्चालकहरु मध्ये कम्तिमा एकाउन्न प्रतिशत सञ्चालक उपस्थित भै सोही कारण खुलाई साधारण सभा बोलाउने निर्णय गर्न सक्नेछन् । यसरी साधारण सभा बोलाउन सबै शेयरधनीलाई उपनियम (३) बमोजिमको सूचना दिनु पर्नेछ । यसरी बस्ने सञ्चालक समितिको बैठक र साधारण सभामा अध्यक्ष उपस्थित भएकोमा निजको अध्यक्षतामा र अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकहरुमध्येबाट छानिएको सञ्चालकले सञ्चालक समितिको बैठक तथा साधारण सभाको अध्यक्षता गर्नेछ ।

(६) उपनियम (३) वा (५) वमोजिम बोलाइएको साधारण सभामा नियम २४ बमोजिमको गणपूरक संख्या नपुगी सभा हुन नसकेमा कम्तिमा ७ दिनको म्याद दिई पुनः साधारण सभा बोलाइनेछ ।

(७) कम्पनीको साधारण सभा नेपाल अधिराज्य बाहिर पनि गर्न सकिनेछ ।

१९. **साधारण सभाको कार्यविधि:**

(१) साधारण सभाको अध्यक्षता सञ्चालक समितिको अध्यक्षले गर्नेछ ।

(२) सञ्चालक समितिको अध्यक्ष अनुपस्थित भएमा उपस्थित सञ्चालकले आफू मध्येबाट छानिएको संचालकले सभाको अध्यक्षता गर्नेछ । तर साधारण सभामा कुनै पनि सञ्चालक उपस्थित नभएमा सभामा उपस्थित शेयरधनीहरुले आफू मध्येबाट छानेको शेयरधनीले साधारण सभाको अध्यक्षता गर्नेछ ।

(३) सभाको काम कारवाही प्रारम्भ हुनु अघि सभाको वैधानिकताबारे छलफल गरी गणपूरक संख्या पुगे वा नपुगेको यकिन गर्नु पर्नेछ र गणपूरक संख्या पुगेको पाइएमा सो सभाको अध्यक्षको अनुमतिले विधिवत् सञ्चालन हुनेछ ।

(४) सभामा छलफल गरिने प्रत्येक विषय (एजेण्डा) प्रस्तावको रुपमा प्रस्तुत हुनेछ र प्रत्येक प्रस्तावमा छलफल गरिनेछ । अध्यक्षले अनुमति दिएकोमा बाहेक एउटा प्रस्तावमा निर्णय नभई अर्को प्रस्तावमा प्रवेश गरिने छैन ।

(५) सभाको निर्णय बहुमतको आधारमा हुनेछ ।

CamScanner

तर विशेष प्रस्तावको हकमा सभामा उपस्थित शेयरधनीहरुमध्ये पचहत्तर प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीले प्रस्तावको पक्षमा मत दिएमा मात्र त्यस्तो प्रस्ताव सभाबाट पारित भएको मानिनेछ।

(६) सभामा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिनेछ।

(७) कूल शेयर पूँजीको सतसठ्ठी प्रतिशत शेयर प्रतिनिधित्व गर्ने शेयरधनीहरुले स्वीकृति दिएकोमा बाहेक सभाको सूचना उल्लेख नगरिएको विषय (एजेण्डा) उपर सभामा छलफल र निर्णय गरिने छैन।

(८) कुनै विषयमा शेयरधनीहरुको मत सङ्कलन गर्नु पर्ने भएमा सभाको अध्यक्षले तोकेको प्रक्रिया अनुसार मत सङ्कलन गरिनेछ।

२०. **साधारण सभाबाट पारित गर्नु पर्ने विशेष प्रस्ताव लगायतका प्रस्तावहरु पारित गर्न साधारण सभा नबोलाई शेयरधनीहरुको लिखित प्रस्तावबाट पारित हुन सक्ने भएमा सो कुरा खुलाउने:** हाल यस सम्बन्धी गरिएको छैन। पछि आवश्यक परे यस सम्बन्धी व्यवस्थ थप गर्नसकिनेछ।

२१. **साधारण सभामा पेश गर्ने अन्य विषय:** उल्लेख भएको विषय वाहेक साधारण सभामा पेश गर्ने अन्य विषय बारे हाल व्यवस्था गरिएको छैन। पछि आवश्यक परे अन्य विषय थप गर्न सकिनेछ।

२२. **विशेष प्रस्ताव:** ऐनमा उल्लेख भएको विषय बाहेक कम्पनीले विशेष प्रस्ताव पारित गरी निर्णय गर्नुपर्ने अन्य कुनै विषय हाल व्यवस्था गरिएको छैन। पछि आवश्यक परे अन्य विषय थप गर्न सकिनेछ।

२३. **विशेष साधारण सभा:** ऐन बमोजिम कम्पनीको विशेष साधारण सभा बोलाउन सकिनेछ।

२४. **गणपूरक संख्या:** बाँडफाँड भएको कूल शेयर संख्याको कम्तिमा ६७ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कूल शेयरधनीहरुमध्ये स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको काम कारावही प्रारम्भ हुनेछैन।

तर नियम १८ को उपनियम (६) मा उल्लेख भएबमोजिम पुन: बोलाईएको साधारण सभामा कूल शेयर संख्याको कम्तिमा ५१ प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी स्वयम् वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित भएमा सभा सञ्चालन गर्न बाधा पर्नेछैन।

२५. **प्रोक्सी मत सम्बन्धी व्यवस्था:**

१. प्रचलित कानून बमोमिज करार गर्न योग्य व्यक्तिलाई प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न सकिनेछ।

२. कुनै शेयरधनीले प्रतिनिधि नियुक्त गरी आफू स्वयम् उपस्थित भएमा त्यस्तो प्रतिनिधि स्वत: रद्द भएको मानिनेछ।

३. प्रतिनिधि मार्फत मतदान गर्न पाउने छ।

४. प्रतिनिधिले मतदान गर्न पाउने अधिकतम् हद वा सीमा हाल तोकिएको छैन। पछि आवश्यक परे प्रतिनिधिको मतदान गर्ने अधिकतम हद वा सिमा तोकिने छ।

२६. **मतदान:**

१. ऐन तथा यस नियमावलीमा अन्यथा लेखिएकोमा बाहेक प्रत्येक शेयरधनीलाई निजले लिएको प्रत्येक शेयर वापत साधारण सभामा एकमत दिने अधिकार हुनेछ।

२. फरक मताधिकार भएका शेयरहरु हाल जारी गरिएको छैन। पछि आवश्यक परे जारी गर्न सकिनेछ।

३. साधारण सभामा मताधिकार नहुने शेयर हाल जारी गरिएको छैन।

४. सञ्चालक निर्वाचन गर्दा एक शेयरको एक मत भन्दा बढी हुने गरी मतदान गर्न पाइने व्यवस्था हाल गरिएको छैन।

५. सञ्चालक निर्वाचन गर्दा मतदान नगरी अन्य तरिकाले नियुक्ति गर्ने व्यवस्था हाल गरिएको छैन।

६. कुनै सञ्चालकलाई कम्पनीको साधारण सभामा भाग लिनको लागि कुनै शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको भएमा आफूलाई नियुक्त गर्ने विषयमा वा आफ्नो स्वार्थ वा

CamScanner

व्यक्तिगत फाइदाको कुनै विषयमा त्यस्तो सञ्चालकले उक्त शेयरधनीको प्रतिनिधिको हैसियतले मतदान गर्न पाउने छैन ।

२७. **साधारण सभाको निर्णय विवरणको अभिलेखः**

१. ऐन अनुसार खुलाउनुपर्ने कुरा खुलाई साधारण सभाको काम कारवाही तथा निर्णयको विवरण छुट्टै अभिलेख गरी राखिने छ । त्यस्तो विवरणमा सभाको अध्यक्ष तथा कम्पनी सचिवले हस्ताक्षर गर्नु पर्नेछ । कुनै व्यहोराले सभामा कम्पनी सचिव अनुपस्थित भएमा वा कम्पनी सचिवको नियुक्ति नभएको अवस्थामा सभाको अध्यक्ष तथा सभाले नियुक्त गरेको एकजना शेयरधनीले त्यस्तो विवरणमा हस्ताक्षर गर्नुपर्नेछ ।

२. उपनियम (१) अनुसार राखिएको साधारण सभाको काम कारवाहीको विववणको अभिलेख कम्पनीको रजिष्टर्ड कार्यालयमा राख्नु पर्नेछ । त्यस्तो विवरण कुनै शेयरधनीले कार्यालय समयमा निरीक्षण गर्न चाहेमा कम्पनी सचिव वा कम्पनीले तोकेको अन्य कर्मचारीले निरीक्षण गर्न दिनुपर्नेछ ।

## परिच्छेद-४
## सञ्चालक समिति

२८. **सञ्चालक समितिको गठन, संख्या र कार्यकालः**

(१) यस कम्पनीमा सञ्चालक समिति रहने छ ।

(२) संचालक समितिको निर्णयानुसार कार्य गर्नुपर्नेछ ।

(३) संचालक समिति निम्नानुसार हुनेछन् ।

(क) यस कम्पनीमा २ जनाको संचालक समिति हुनेछ ।

(ख) संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

(४) वार्षिक साधारण सभा हुनु अगावै कुनै कारणले कुनै सञ्चालकको पद रिक्त हुन आएमा बाँकी अवधिका लागि सञ्चालकको नियुक्ति जुन प्रक्रियाबाट पहिले सञ्चालक नियुक्त भएको थियो । सोही प्रक्रियाबाट गरिने छ । कुनै सञ्चालकको कार्यकाल पूरा नहुँदै बीचमा पद रिक्त भई सो पदमा नियुक्त भएको सञ्चालक कार्यकाल जुन सञ्चालकको पद रिक्त भई नियुक्त भएको हो सो सञ्चालकको बाँकी कार्यकाल सम्मको लागि मात्र हुनेछ ।

तर वार्षिक साधारण सभाद्वारा नियुक्त गरिएको सञ्चालकको पद कुनै व्यवहोराले रिक्त भएमा सो रिक्त स्थानमा अर्को साधारणसभा सम्मको लागि सञ्चालक समितिले सञ्चालन समितिले सञ्चालक नियुक्त गर्नेछ ।

(५) संगठित संस्थाले संचालक नियुक्ति गर्दा निजको बैकल्पिक संचालक पनि नियुक्त गर्नसक्नेछ ।

(६) यस कम्पनीको प्रथम वार्षिक साधारण सभा नभएसम्म निम्न संचालक रहेको प्रथम संचालक समिति रहनेछ ।

१. **दिनेश कुमार महतो**

२. **रविन्दर महतो**

२९. **सञ्चालक हुन लिनुपर्ने न्यूनतम शेयर संख्याः** यस कम्पनीको सञ्चालकको पदमा नियुक्त हुनको लागि कुनै पनि शेयरधनीले आफ्नो नाममा १०० कित्ता शेयर लिएको हुनु पर्नेछ ।

तर स्वतन्त्र सञ्चालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा यो व्यवस्था लागू हुने छैन ।

३०. **शेयरधनी बाहेक अन्य कुनै स्वतन्त्र र व्यवसायिक व्यक्तिलाई संचालक नियुक्ति गर्ने भए निजहरुको संख्या, कार्यकाल, योग्यता तथा नियुक्ति प्रकृया सम्बन्धी व्यवस्था खुलाउनेः** हाल यस सम्बन्धी व्यवस्था गरिएको छैन । पछि आवश्यक परे थपव्यवस्था गर्न सकिनेछ ।

३१. **सञ्चालक पुनः नियुक्त हुन सक्ने वा नसक्नेः** एक कार्यकाल समाप्त भई सञ्चालकको पदबाट अवकाश प्राप्त गर्ने व्यक्ति आवश्यक प्रक्रिया पूरा गरी सञ्चालकको पदमा पुनः नियुक्त हुन सक्नेछ ।

CamScanner

३२. **संचालक नियुक्ति सम्बन्धी कुनै खास व्यवस्था गर्ने भए सो कुरा खुलाउने:**
हाल यस सम्बन्धी कुनै व्यवस्था गरिएको छैन, पछि आवश्यक परे थप व्यवस्थ गर्न सकिनेछ ।

३३. **सञ्चालकको पारिश्रमिक, भत्ता र सुविधा सम्बन्धी व्यवस्था:**
(१) सञ्चालकको पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा साधारण सभाले तोके बमोजिम हुनेछ ।
(२) उपनियम (१) मा जुनसुकै कुरा उल्लेख गरिएको भए तापनि पहिलो साधारण सभा नभएसम्म त्यस्तो पारिश्रमिक, बैठक भत्ता, दैनिक भत्ता तथा अन्य सुविधा सञ्चालक समिति आफैले तोक्न सक्नेछ ।
तर यसरी एकपटक तोकिएको पारिश्रमिक, भत्ता तथा सुविधा प्रथम साधारण सभा नभएसम्म परिवर्तन गर्न सकिने छैन ।

३४. **सञ्चालक समितिको काम कर्तव्य र अधिकारहरु:** ऐनमा उल्लेख भएका अधिकार र कर्तव्य वाहेक ऐनको अधिनमा रही सञ्चालक समितिको कुनै विशेष अधिकार र कर्तव्य हाल तोकिएको छैन पछि आवश्यक परे तोक्न सक्नेछ ।

३५. **अधिकार प्रत्यायोजन सम्बन्धी व्यवस्था:**
(१) सञ्चालक समितिले आफ्नो अधिकार सञ्चालक समितिको वैठकबाट निर्णय गरी प्रत्यायोजन गर्न सक्नेछ ।
(२) अधिकार प्रत्यायोजन कुन विषयमा र कसलाई गर्ने बारे सञ्चालक समितिको वैठकले निर्णय गरे अनुसार हुनेछ ।

३६. **प्रवन्ध सञ्चालक सम्बन्धी व्यवस्था:**
(१) प्रवन्ध सञ्चालकको नियुक्ति गर्ने व्यवस्था गरिएको छ ।
(२) प्रवन्ध संचालकको योग्यता, काम, कर्तव्य र जिम्मेवारी अधिकारसम्बन्धी संचालक समितिको निर्णयानुसार तोकिनेछ ।

३७. **सञ्चालक समितिको बैठक कसले बोलाउने हो सो कुरा खुलाउने:** सञ्चालक समितिको बैठक सञ्चालक समितिको अध्यक्षले बोलाउन सकिनेछ ।

३८. **सञ्चालक समितिको बैठक सम्बन्धी कार्यविधि:**
(१) सञ्चालक समितिको वैठक आवश्यकता अनुसार नियम ३७ मा लेखिएको पदाधिकारीले बोलाउनेछ । त्यसरी बैठक नबोलाएमा कूल सञ्चालक संख्याको कम्तिमा पच्चीस प्रतिशत सञ्चालकहरुले माग गरेमा त्यस्तो पदाधिकारीले पन्ध्र दिन भित्र सञ्चालक समितिको बैठक बोलाउनु पर्नेछ । यसरी माग गर्दा पनि बैठक नबोलाएमा सो कुरा खुलाई कम्तिमा पच्चीस प्रतिशत सञ्चालकले बैठकमा छलफल हुने विषय र बैठक वस्ने समय तथा स्थान उल्लेख गरी सञ्चालक समितिको बैठक बोलाउन सक्नेछन् । यसरी बैठक बोलाउँदा अन्य सञ्चालहरुलाई उपनियम (२) अनुार बैठकको सूचना दिनुपर्नेछ ।
(२) सञ्चालक समितिको बैठकको सूचना सञ्चालकले उल्लेख गरेको ठेगानामा लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।
(३) सञ्चालकहरु सञ्चालक समितिको बैठकमा स्वयम् उपस्थित हुनुपर्नेछ ।
(४) सञ्चालकहरुको संख्याको कम्तीमा ६७ प्रतिशत सञ्चालकहरु उपस्थित नभई सञ्चालक समितिको वैठक हुने छैन तर गणपूरक संख्या नपुगी सञ्चालक समितिको वैठक हुन नसकेमा कम्तीमा ३ दिनको सूचना दिई अर्को वैठक बोलाउन सकिनेछ । त्यस्तो वैठकमा पनि गणपूरक संख्या नपुगेमा उपस्थित सञ्चालकहरुले गरेको काम कारवाही तथा निर्णय मान्य हुनेछ ।
(५) सञ्चालक समितिको बैठकमा बहुमतको निर्णय मान्य हुनेछ । र मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिन सक्नेछ । तर सञ्चालक समितिको वैठकमा आफ्नो निजी सरोकार वा

स्वार्थ भएको विषयमा हुने छलफलमा कुनै सञ्चालकले भाग लिन वा मतदान गर्न पाउने छैन ।

(६) सञ्चालक समितिको कुनै बैठकको निर्णयमा असहमत हुने कुनै सञ्चालकले आफ्नो असहमति जनाई राय लेख्न वा राख्न पाउनेछ ।

(८) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सञ्चालक समितिले गर्न पाउने कुनै कामको सम्बन्धमा सञ्चालक समितिका सबै सदस्य लिखित रुपमा सहमत भएमा त्यस्तो सहमतिलाई निर्णय पुस्तिकामा संलग्न गरी त्यस्तो काम बैठक विना पनि गर्न सकिनेछ । त्यस्तो सहमतिलाई सञ्चालक समितिको बैठकको निर्णय सरह मानिने छ ।

३९. **सञ्चालक समितिको निर्णयको अभिलेखः**

(१) सञ्चालक समितिको बैठकमा छलफल भएको विषय र तत्सम्बन्धमा भएको निर्णयको विवरण (माइन्यूट) को छुट्टै अभिलेख राख्नु पर्नेछ र सो अभिलेखमा बैठकमा उपस्थित सम्पूर्ण सञ्चालकहरुमध्ये कम्तिमा एकाउन्न प्रतिशत सञ्चालकले सही गर्नु पर्नेछ ।

तर वैठकमा उपस्थित कुनै सञ्चालकले निर्णयको विवरणमा सही नगरेकै कारणबाट त्यस्तो निर्णय अमान्य भएको मानिने छैन ।

(२) विद्युतीय सञ्चार साधन वा कम्प्युटरको प्रयोग गर्ने भए त्यस्तो विद्युतीय सञ्चार साधन वा कम्प्युटरको माध्यमबाट पनि निर्णयको विवरण राख्न सकिनेछ । यसरी निर्णयको विवरण राख्ने भए निर्णयको व्यहोरा फेरबदल गर्न नपाउने पर्याप्त व्यवस्था गर्नु पर्नेछ ।

(३). कुनै शेयरधनीले सञ्चालक समितिको निर्णय कार्यालय समयभित्र निरीक्षण गर्न सक्ने छ ।

४०. **प्रमुख कार्यकारी अधिकृत सम्बन्धी व्यवस्थाः**

(१) यस कम्पनीमा प्रमुख कार्यकारी अधिकृतको काम अध्यक्षले गर्नेछ ।

## परिच्छेद-५

## हिसाबकिताब, लेखा तथा लेखापरीक्षण

४१. **कम्पनीको हिसाबकिताब, लेखा र लेखापरीक्षणः**

(१) यस कम्पनीको लेखा तथा हिसाबकिताब प्रचलित कानून अनुसार अधिकार प्राप्त निकायले निर्धारण गरेको लेखा मापदण्ड अनुरुप तयार गरिनेछ ।

(२) कम्पनीले राख्नु पर्ने हिसाबकिताबमाप्रति दिनको कारोबार स्पष्ट देखिने गरी अद्यावधिक रुपमा राख्नुपर्नेछ ।

(३) ऐन बमोजिम तोकिएको रकम भन्दा बढी रकमको वार्षिक कारोबार भएको आर्थिक वर्षमा कम्पनीले आफ्नो हिसाबकिताब लेखापरिक्षण गराउने छ ।

(४) उपनियम (३) बमोजिम हिसाबकिताब लेखापरीक्षण गराउन पर्ने भएमा सो प्रयोजनको लागि वार्षिक साधारण सभाले ऐन वमोजिम लेखापरीक्षक नियुक्त गर्नेछ । त्यसरी नियुक्त भएको मितिले पन्ध्र दिनभित्र निजको नाम कार्यालयमा पठाउनेछ ।

तर प्रथम साधारण सभा हुनु भन्दा अघि सञ्चालक समितिले लेखा परीक्षक नियुक्त गर्नेछ ।

(५) उपनियम (४) बमोजिम नियुक्त लेखापरीक्षकले आफूले लेखापरीक्षण गरेको हिसाबकिताब र लेखाबाट कम्पनीको वासलात, नाफानोक्सानीको हिसाव एवं नगद प्रवाह विवरण प्रमाणित गरी आफूलाई नियुक्त गर्ने अधिकारीलाई सम्बोधन गरी आफ्नो प्रतिवेदन कार्यालयलाई र कम्पनीलाई दिनेछ । कम्पनीले त्यस्तो प्रतिवेदनको प्रतिलिपि प्रत्येक शेयरधनी र कार्यालयलाई पठाउनु पर्नेछ ।

(६) कम्पनीको अद्यावधिक हिसाबकिताब कुनै शेयरधनीले निरीक्षण गर्न चाहेमा कार्यालय समयभित्र यथाशीघ्र निरीक्षण गर्न दिनु पर्नेछ ।

CamScanner

## परिच्छेद-६
## विविध

४२. **लाभांश सम्बन्धी व्यवस्थाः**

(१) लाभांश वितरण गर्ने निर्णय भएकोपैतालीस दिनभित्र लाभांश वितरण गर्नुपर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधिभित्र लाभांश वितरण नगरेमा दश प्रतिशतको दरले लाभांशको व्याज समेत थप गरी लाभांशको रकम भुक्तानी गर्नु पर्नेछ ।

(३) अन्तरिम लाभांश वितरण गर्ने बारे हाल व्यवस्था गरिएको छैन ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्पनीले शेयर वापत माग गरेको रकम चुक्ता नगर्ने शेयरधनीलाई प्राप्त हुने लाभांश रोक्का राख्न सकिनेछ ।

४३. **शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक र पदाधिकारीलाई दिइने तथा निजबाट प्राप्त हुने सूचनाः** कम्पनीले शेयरधनी, डिवेञ्चरवाला, सञ्चालक वा पदाधिकारीहरुलाई र शेयरधनी वा डिवेञ्चरवालाहरुले कम्पनीका सञ्चालक वा कम्पनीका पदाधिकारीलाई कुनै सूचना वा जानकारी लिखित रुपमा वा विद्युतीय सञ्चार माध्यमबाट दिन सकिनेछ ।

४४. **कम्पनी सचिव सम्बन्धी व्यवस्थाः** यस कम्पनीमा हाल कम्पनी सचिवको नियुक्त हुने व्यवस्था गरिएको छैन । पछि आवश्यक परे कम्पनी ऐन वमोजिम र संचालक समितिको निर्णय वमोजिम गर्न सकिनेछ ।

४५. **कम्पनीको छाप सम्बन्धी व्यवस्थाः**

(१) कम्पनीको छाप अध्यक्षको जिम्मामा रहनेछ ।

(२) कम्पनीको छाप अनाधिकृतरुपमा प्रयोग गरी कम्पनी उपर कुनै दायित्व सिर्जना भएमा सो छाप जिम्मा लिने व्यक्तिबाट त्यस्तो दायित्व वापत सिर्जना हुने रकम असुल उपर गरिनेछ ।

४६. **प्रतिलिपि दस्तुर सम्बन्धी व्यवस्थाः-**

(१) कम्पनीको प्रवन्धपत्र, नियमावली, वार्षिक आर्थिक विवरण, लेखापरीक्षण प्रतिवेदन, सञ्चालकको लगत, शेयरधनीको दर्ता किताव, दर्ता प्रमाणपत्र वा कम्पनीको तर्फबाट कार्यालमया पेश गरिएको कुनै लिखतको प्रतिलिपि कुनै शेयरधनी वा अरु कुनै सरोकारवालाले माग गरेमा रु १०/- दस्तुर लिई प्रतिलिपि दिनु पर्नेछ ।

(२) साधारण सभा गर्ने कम्पनी भए साधारण सभाको काम कारवाहीको विवरणको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु १०/- दस्तुर लाग्नेछ ।

(३) सञ्चालक समिति रहने कम्पनी भए सञ्चालक समितिको निर्णयको प्रतिलिपि प्राप्त गर्न प्रति पृष्ठ रु १०/- दस्तुर लाग्नेछ ।

(४) शेयर प्रमाणपत्रको प्रतिलिपि प्राप्त गर्न रु ५०/- दस्तुर लाग्नेछ ।

(५) शेयरधनी वा डिवेञ्चरवालाको दर्ता किताबको प्रतिलिपि प्राप्त गर्न प्रतिपृष्ठ रु १०/- दस्तुर लाग्नेछ ।

४७. **कम्पनी गाभिने कुराः**

(१) यस कम्पनीमा कुनै अर्को कम्पनीलाई वा यस कम्पनीलाई कुनै अर्को कम्पनीमा गाभ्न आवश्यक भएमा कम्पनीको साधारण सभाले विशेष प्रस्ताव पारित गरी ऐन बमोजिम अर्को कम्पनीलाई गाभ्न वा आफू अर्को कम्पनीमा गाभिन सक्नेछ ।

(२) कुनै कम्पनी अर्को कम्पनीसँग गाभिदा शेयरको हेरफेर, हस्तान्तरण वा कम्पनीको सम्पूर्ण जायजेथाको बिक्रीमा सहमति नजनाउने शेयरधनीको हकमा कुनै विशेष व्यवस्था गरिएको छैन । पछि आवश्यक परे थप व्यवस्था गर्न सकिनेछ ।

४८. **कम्पनीको खारेजीः**

(१) प्रचलित कानूनको अधिनमा रही कम्पनीको साधारण सभाले आवश्यक देखेमा विशेष प्रस्ताव पारित गरी कम्पनी खारेज गर्न सक्नेछ ।

CamScanner

(२) उपनियम (१) बमोजिम कम्पनी खारेजीको प्रस्ताव पारित गर्दा साधारण सभाले खारेजीको काममा लागि एक वा एकभन्दा बढी लिक्विडेटर तथा लेखापरीक्षकको नियुक्ति गर्नेछ । त्यसरी नियुक्त भएका लिक्विडेटर तथा लेखा परीक्षकको पारिश्रमिक साधारण सभाले तोकिदिएबमोजिम हुनेछ ।

(३) उपनियम (२) बमोजिम नियुक्ति लिक्विडेटर तथा लेखापरीक्षकले कम्पनीको खारेजी सम्बन्धी काम कारवाही गर्नेछन् ।

४९. **कुनै खास व्यवसाय गर्ने कम्पनीको निमायवलीमा खुलाउनु पर्ने भनी प्रचलित कानूनमा कुनै व्यवस्था गरिएको भए त्यस्तो खुलाउनेः** सो सम्बन्धमा हाल कुनै जानकारी नभएको, पछि प्रचलित कानूनमा व्यवस्था भए वमोजिम कुनै खास कुरा खुलाउनु पर्ने कुरा देखिन आएमा आवश्यक कुराहरुलाई कार्यालयलाई जानकारी गराइनेछ ।

५०. **अन्य आवश्यक कुराहरुः**

१) कम्पनीको आर्थिक वर्ष श्रावण १ गतेदेखि आषाढ मसान्तसम्म हुनेछ ।

२) यस कम्पनीको कारोबारको सम्वन्धमा शेयरवालाको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबुल गरेको शेयरको अधिकतम रकम सम्म मात्र सिमित रहनेछ ।

३) कम्पनी संस्थापना भइसकेपछि यसले भिन्दै कानूनी व्यक्तित्व, अविच्छिन्न उत्तराधिकारवाला स्वाधीन अस्तित्व भएको मानिनेछ ।

५१. **नियमावलीमा संशोधन भएमा लागू हने अवस्थाः** यस नियमावलीमा कुनै संशोधन गर्नु पर्ने भएमा साधारण सभामा विशेष प्रस्ताव पारित गरी त्यस्तो निर्णय कार्यालयमा अभिलेख भएपछि मात्र नियमावली संशोधन भएको मानिनेछ ।

५२. **नियमावली बाझिएको हदसम्म अमान्य हुनेः** यस नियमावलीमा लेखिएको कुरा ऐन, अन्य प्रचलित कानून वा प्रवन्धपत्रसँग बाझिएमा बाझिएको हदसम्म त्यस्तोकुरा स्वतः बदर हुनेछ ।

५३. **संस्थापकले तत्काल लिन कबुर गरेको शेयर संख्या र उद्घोषणः** हामी **श्रीवेदा रिटेल प्रा.लि.** को संस्थापकहरुले यो कम्पनी संस्थापना गरी प्रचलित कानून बमोजिम सञ्चालन गर्न मञ्जुर गरेका छौं । यो नियमावलीमा उल्लेखित हाम्रो नाम, ठेगाना, हस्ताक्षर, हामीले लिन कबुर गरेको शेयर र साक्षी सम्बन्धी व्यहोरा ठीक साँचो हो । कुनै कारणले झुठा ठहरिन गएमा कम्पनी दर्ता पश्चात् सिर्जना हुने दायित्व व्यबहोर्न हामी तयार छौं । यो नियमावलीमा लेखिएको कुरा साँचो हो झुठा ठहरे कानून वमोजिम सहन बुझाउन मञ्जुर छ भनी सहीछाप गरेका छौं ।

| संस्थापकको नाम ठेगाना र सहिछाप | बाबुको नाम | ना.प्र.नं.र नागरिकता प्राप्त गरेको जिल्ला | लिन कबुल गरेको शेयर संख्या | साक्षीको नाम थर ठेगाना र सहीछाप | साक्षीको ना. प्र.नं.र जिल्ला |
|---|---|---|---|---|---|
| दस्तखत :<br>१. नाम : दिनेश कुमार महतो<br>ठेगाना : धनुषा जिल्ला क्षीरेश्वरनाथ न.पा. वडा नं. ९ भई हाल मिथिला न.पा. वडा नं. ३<br>दा. बा. | राम सागारथ महतो | १७-०१-७१-०१९७२ धनुषा | ६०००० थान | दस्तखत : कल्केश<br>नाम : कल्केश कु. महतो<br>ठेगाना : म. नपा ३<br>दा. बा. | ना.प्र.नं.<br>जि.प्र.का. |

| | | | | | |
|---|---|---|---|---|---|
| **दस्तखत :**<br><br>२.नाम : रविन्दर महतो<br>ठेगाना : धनुषा जिल्ला ढल्केवर वडा नं. ६ भई हाल मिथिला न.पा. वाड नं. ५<br>दा. बा. | किशोरी महतो कोइरी | १७१०९६/ ४५२ धनुषा | ४०००० थान | **दस्तखत :** राम कुमारी<br>नाम : राम कुमारी देवी<br>ठेगाना : मि.न.पा. ६<br>दा. बा. | ना.प्र.नं.<br><br>जि.प्र.का. |

हस्ताक्षर :-
मस्यौदाकारको नाम : दिनेश कुमार महतो
ना.प्र.नं. १७-०१-७१-०१९७२, धनुषा

इति सम्वत् २०७९ साल वैशाख महिना २६ गते ०२ रोज शुभम् ......

नेपाल सरकार [illegible] मन्त्रालय [illegible] रजिस्ट्रारको कार्यालय [illegible] काठमाडौं
सहायक रजिस्ट्रार

प्रा.लि.नं. : २९०९४९/०७८/०७९

(दफा ४६ को उपदफा (१) संग सम्बन्धित)

# श्रीवेदा रिटेल प्रा.लि.

को

## शेयरधनी दर्ता किताब

रु. १००।- दरको

| शेयरधनिको नाम र ठेगाना | बाबु/ पतिको नाम | नागरिकताको प्रमाण पत्र नं. | शेयरको संख्या | | | चुक्ता भएको रकम रु. | चुक्ता हुन बाँकी रकम रु. | शेयरधनीको रुपमा निजको नाम दर्ता भएको मिति | शेयरधनीको नाम खारेज भएको मिति | शेयरधनीको इच्छुयाएको व्यक्ति भए त्यस्तो व्यक्तिको नाम र ठेगाना | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | कित्ता नं. | | | | | | | | |
| | | | देखि | सम्म | जम्मा थान | | | | | | |
| श्री दिनेश कुमार महतो धनुषा जिल्ला,मिथिला न.पा. वडा नं. ०३ | राम सोगारथ महतो | १७-०१-७१-०१९७२ धनुषा | ०१ | ६०००० | ६०००० थान | ६०,००,०००।- | छैन । | संस्थापक | | | |
| श्री रविन्दर महतो धनुषा जिल्ला,मिथिला न.पा. वडा नं. ०५ | किशोरी महतो कोइरी | १७०१९६/४५२ धनुषा | ६०००१ | १००००० | ४०००० थान | ४०,००,०००।- | छैन । | संस्थापक | | | |

**प्रमाणित गर्नेको दस्तखत :**
नाम : श्री दिनेश कुमार महतो
दर्जा : अध्यक्ष
मिति : २०७८।०३।१६
कम्पनीको छाप :

...ायक रजिष्ट्रार

CamScanner

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
( ................................ शाखा)
त्रिपुरेश्वर, काठमाडौं, नेपाल ।

पत्र संख्या :- ७९/८०
चलानी नम्बर :- ७०८८१

मिति : २०७९-१२-१३

विषय :- शेयरलगत जानकारी गरिएको सम्बन्धमा ।

श्रीवेदा रिटेल (प्रा.लि. नं. २९०९४९)
बर्दिबास नगरपालिका -०१,महोत्तरी,मधेश

त्यस कम्पनीको मिति २०७९/०३/२७ को संचालक समितिको निर्णयानुसार कम्पनी ऐन, २०६३ को दफा ३१ को बमोजिम यस कार्यालयमा पेश गरेको कम्पनी ऐन, २०६३ को दफा ४६ बमोजिम तयार शेयरधनी दर्ता किताब प्राप्त भएकोले सो बमोजिम भए गरेको काम कार्बाहीको उत्तरदायित्व र जिम्मेवारी कम्पनी र कम्पनीका सञ्चालकहरुको रहने गरी सो शेयरधनी दर्ता किताब अभिलेख गरी सोको १ प्रति यसै साथ संलग्न राखी पठाइएको व्यहोरा मिति २०७९/१२/१३ को निर्णयानुसार जानकारी गराइन्छ ।

(संगिता घौलागाई)
सहायक रजिष्ट्रार

**बोधार्थ**
श्री आन्तरिक राजश्व कार्यालय, महोत्तरी।



CamScanner

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
# वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

वा.द.प्र.पं: २-१८-१९२-८८/२०८०/८१



## प्रमाण पत्र

श्री **श्रीवेदा रिटेल प्रा. लि. (Sriveda Retail Pvt. Ltd.)** दर्ता नं. **२९०९४९/७८/०७९** लाई कम्पनीको प्रबन्ध पत्रमा उल्लिखित मध्य देहाय बमोजिम कारोबार गर्न पाउने गरि प्राईभेट फर्म रजिष्ट्रेशन ऐन २०१४ को दफा २ र ३ र नियमावली २०३४ को नियम ३ बमोजिम मिति **२०८०-०४-३०** मा दर्ता स्वीकृती प्रदान गरिएको छ ।

## विवरण

| | | |
|---|---|---|
| सञ्चालकको नाम, ठेगाना | : | दिनेश कुमार महतो , धनुषा जिल्ला, मिथिला न.पा., वडा नं 03 समेत |
| नागरिकता नं र जारी गर्ने जिल्ला | : | १७-०१-७१-०१९७२ ,धनुषा |
| कम्पनीको ठेगाना | : | मधेश प्रदेश, महोत्तरी, बर्दिवास नगरपालिका - १, बर्दिवास |
| कम्पनीको अधिकृत पूँजी | : | ५,००,००,०००।– (पाँच करोड मात्र) |
| व्यवसायको प्रकृती | : | व्यापारमुलक |
| व्यवसायको उद्देश्य | : | स्थानीय, भारत तथा स पा आयात, निर्यात |
| कम्पनीले गर्ने कारोवार (मुख्य चिज वस्तुको विवरण) | : | मूल प्रवन्ध पत्रको दफा ४(१) को खण्ड (ञ) व्यापारमुलक कारोवार मात्र |
| थप कारोवार | : | |

२०८०।४।३०

लोकराज सुवेदी
शाखा अधिकृत

नोट : यो प्रमाण-पत्रको म्याद फर्म रजिस्टर गरिएको मितिले ५ (पांच) वर्ष सम्म र त्यसपछि प्रत्येक पटक नविकरण भए मुताविक वहाल रहने हुनाले अवधि समाप्त हुनु अगावै अनिवार्यरुपमा नवीकरण गराई सक्नु पर्नेछ ।

CamScanner

नेपाल सरकार

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

# कम्पनी रजिष्ट्रारको कार्यालय

## कम्पनी दर्ताको प्रमाण - पत्र

दर्ता नं: २९०९४९/७८/०७९

श्री श्रीवेदा रिटेल

नामको प्राइभेट लिमिटेड कम्पनी संम्वत् २०७९ साल जेष्ठ महिना ०९ गते रोज २ मा दर्ता भएको हुनाले कम्पनी ऐन, २०६३ को दफा ५ को उपदफा (१) बमोजिम यो प्रमाण-पत्र दिइएको छ।

स. रजिष्ट्रार

मिति: २०७९-०२-०९

Government of Nepal

Ministry of Industry, Commerce & Supplies

# Office of the Company Registrar

Registration No: 290949/78/079

## CERTIFICATE OF INCORPORATION OF COMPANY

This Certificate of Incorporation has been issued to

M/s Sriveda Retail

Private Limited having incorporated it on the 23 day of May, 2022 pursuant to sub-section (1) of section 5 of the Companies Act, 2006.

Asst. Registrar

Date: 2022-05-23

शर्त कम्पनी संस्थापनलाई मात्र कम्पनीको उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरिएको नमानिने हुनाले कानून अनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्य अनुसार कारोवार गर्नु पर्नेछ ।

CamScanner

# नेपाल सरकार
## अर्थ मन्त्रालय
## आन्तरिक राजस्व विभाग



# स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाण पत्र

| | | |
|---|---|---|
| स्थायी लेखा नम्बर | : | ६ १ ० २ ८ ६ १ ५ ७ |
| आन्तरिक राजस्व कार्यालय | : | आन्तरिक राजस्व कार्यालय जनकपुर |
| करदाता सेवा कार्यालय | : | बर्दिबास |

दर्ता मिति

| | दिन | महिना | साल |
|---|---|---|---|
| आयकर: | ०९ | ०२ | २०७९ |
| मु. अ. कर : | ०९ | ०२ | २०७९ |

कारोबारको नाम : श्रीवेदा रिटेल प्रा.लि.

करदाताको प्रकार : प्राइभेट लिमिटेड

ठेगाना : वार्ड नं. १, बर्दिबास
नगरपालिका: बर्दिबास,
महोत्तरी

व्यवसायका कारोबारहरु : विशिष्टीकृत नगरिएका पसलहरूमा अन्य खुद्रा बिक्री, किराना पसल, सुगन्धित एवं सौन्दर्यवर्धक सामग्रीहरूको खुद्रा बिक्री , विशिष्टीकृत पसलहरूमा कपडाको खुद्रा बिक्री, प्लास्टिकका सामान उत्पादन गर्ने क्रियाकलापहरू, विविध वस्तुको सप्लाइ सम्वन्धी कारोवार ,

करदाताको दस्तखत

श्री बेदा रिटेल प्रा.लि. ★ बर्दिबास न.पा.-१, महोत्तरी ★ Shriveda

२०७९/०२/१३

कर अधिकृत
नि. कार्यालय प्रमुख

**करदाताले पालना गर्नुपर्ने कर्तव्यहरु:**

- कारोवार गर्दा अनिवार्य रुपमा विल विजक जारी गर्नुपर्छ।
- मू.अ.करमा दर्ता हुनेले प्रत्येक कर अवधि (मासिक वा द्वैमासिक वा चौमासिक) समाप्त भएको २५ दिनभित्र मू.अ.कर विवरण तथा मू.अ.कर रकम बुझाउनु पर्छ।
- अन्तःशुल्क लाग्ने कारोवार गर्नेले अन्यथा व्यवस्था गरेकोमा बाहेक प्रत्येक महिना समाप्त भएको २५ दिनभित्र मास्केवारी र अन्तःशुल्क रकम बुझाउनु पर्छ।
- प्रत्येक आर्थिक वर्षका आय विवरण असोज मसान्तभित्र बुझाउनु पर्छ।
- समयमा विवरण र कर रकम नबुझाएमा व्याज, शुल्क र जरिवाना लाग्नेछ।
- यो प्रमाणपत्र देखिने गरी कारोबार स्थल/मुख्य कार्यालयमा राख्नु पर्नेछ।
- कुनै द्विविधा भएमा कार्यालयमा सम्पर्क राख्नुहोला।

CamScanner